म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ७६ २०८० माघ २० गते शनिबार 3 February 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौँडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नम्बर: ९८४९४५४६८३**

## झण्डै १६ हजार सवारी कारबाहीमा

# सवा करोड राजस्व आम्दानी



(तस्वीर स्रोत: गुगल)

रामकृष्ण घोरासैनी

हेटौँडाः मकवानपुर ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा झण्डै १६ हजार सवारी साधनलाई कारबाही गरी सवा करोड राजस्व आम्दानी गरेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्ष २०८०/०८१ को पुस मसान्तसम्म साना ठूला गरी १५ हजार ८ सय ५५ सवारी साधनलाई कारबाही गरी १ करोड १६ लाख ४ हजार रुपैयाँ राजस्व आम्दानी गरेको हो।

ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको साउन महिनामा कुल १ हजार ७ सय १७ वटा सवारी साधन कारबाही गरी १२ लाख १२ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। ट्रक, टिपर र ट्याङ्कर ३ सय ९२ वटालाई कारबाही गरी २ लाख ९८ हजार राजस्व आम्दानी गरेको हो। १ सय ५ वटा बसलाई कारबारही गरी ७५ हजार रुपैयाँ र ४ सय ३० वटा जिप-कारलाई कारबाही गरी २ लाख ८८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। यस्तै, ५ सय १८ वटा मोटरसाइकललाई कारबाही गरी ३ लाख ६६ हजार र ४१ वटा ट्र्याक्टरलाई कारबाही गरी २५ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। २ सय ३१ वटा तीनपाङ्ग्र सवारी साधनलाई कारबाही गरी एक लाख ६० हजार रुपैयाँ राजस्व संकलन गरेको हो।

भदौ महिनामा कुल २ हजार ३ सय ५२ वटा सवारी साधन कारबाही गरी १६ लाख ५३ हजार ५ सय रुपैयाँ राजस्व आम्दानी गरेको छ। ट्रक, टिपर र ट्याङ्कर ५ सय ९ वटालाई कारबाही गरी ३ लाख ७१ हजार र १ सय २० वटा बसलाई कारबाही गरी ८१ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ। ५ सय ८८ वटा जिप-कारलाई कारबाही गरी ४ लाख २५ हजार ५ सय र ७ सय ५८ वटा मोटरसाइकललाई कारबाही गरी ५ लाख २५ हजार रुपैयाँ राजस्व आम्दानी गरेको हो। यस्तै, ५३ वटा ट्र्याक्टरलाई कारबाही गरी ३४ हजार ५ सय र ३ सय २४ वटा अटो, टेम्पो, इरिक्सालाई कारबारही गरी २ लाख १४ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ।

यस्तै, असोज महिनामा कुल २ हजार ६ सय ४० वटा सवारी साधन कारबाही गरी १९ लाख ५५ हजार ५ सय रुपैयाँ राजस्व आम्दानी गरेको छ। ५ सय ९४ वटा ट्रक, टिपर र ट्याङ्करलाई कारबाही गरी ४ लाख ३२ हजार तथा १ सय ३५ वटा बसलाई कारबाही गरी एक लाख ४ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ। ५ सय ३७ वटा जिप-कारलाई कारबाही गरी ३ लाख ६९ हजार र ९ सय ५ वटा मोटरसाइकललाई कारबाही गरी ६ लाख ५७ हजार रुपैयाँ राजस्व संकलन गरेको हो। यस्तै, २४ वटा ट्र्याक्टरलाई कारबाही गरी १६ हजार र ५ सय ४५ वटा तीनपाङ्ग्रे सवारी साधनलाई कारबाही गरी ३ लाख ७७ हजार राजस्व संकलन गरेको छ।

कात्तिक महिनामा ट्राफिक प्रहरीले कुल २ हजार २ सय ८ वटा सवारी साधन कारबाही गरी कुल १६ लाख ८७ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। कात्तिकमा ४ सय ८९ वटा ट्रक, टिपर र ट्याङ्करलाई कारबाही गरी ३ लाख ९१ हजार र २ सय ३६ वटा बसलाई कारबाही गरी २ लाख रुपैयाँ राजस्व आम्दानी गरेको छ। ४ सय ९४ वटा जिप-कारलाई कारबाही गरी ३ लाख ६४ हजार ५ सय र ६ सय ४७ वटा मोटरसाइकललाई कारबाही गरी ४ लाख ८३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। यस्तै, २५ वटा ट्र्याक्टरलाई कारबाही गरी १८ हजार र ३ सय १७ वटा अटो, टेम्पो, इरिक्सालाई कारबाही गरी २ लाख ३० हजार रुपैयाँ राजस्व आम्दानी गरेको हो।

मंसिर महिनामा ट्राफिक प्रहरीले ३ हजार ६ सय २० वटा सवारी साधन कारबाही गरी २७ लाख २४ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। ८ सय ४ वटा ट्रक, टिपर र ट्याङ्करलाई कारबाही गरी ६ लाख ३० हजार तथा २८७ वटा बसलाई कारबारही गरी २ लाख २६ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। ८ सय ८२ वटा जिप-कारलाई कारबाही गरी ६ लाख ७६ हजार ५ सय र एक हजार १२ वटा मोटरसाइकललाई कारबाही गरी ७ लाख ४५ हजार ५ सय रुपैयाँ राजस्व आम्दानी गरेको छ। यस्तै, ४८ वटा ट्र्याक्टरलाई कारबाही गरी ३२ हजार ५ सय र ५ सय ८५ वटा अटो, टेम्पो, इरिक्सालाई कारबाही गरी ४ लाख १३ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको हो।

पुस महिनामा कुल ३ हजार २ सय १८ वटा सवारी साधन कारबाही गरी कुल २३ लाख ७३ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। ट्राफिक प्रहरीले ७ सय ६ वटा ट्रक, टिपर र ट्याङ्करलाई कारबाही गरी ५ लाख ४४ हजार ५ सय र १ सय ५७ वटा बसलाई कारबाही गरी एक लाख १८ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ। ७ सय ८६ वटा जिप-कारलाई कारबाही गरी ६ लाख एक हजार ५ सय तथा ९ सय ४ वटा मोटरसाइकललाई कारबाही गरी ६ लाख ६० हजार रुपैयाँ राजस्व संकलन गरेको हो। यस्तै, एक सय ३ वटा ट्र्याक्टरलाई कारबाही गरी ६० हजार र ५ सय ६२ वटा अटो, टेम्पो, इरिक्सालाई कारबाही गरी ३ लाख ७९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ।

ट्राफिक प्रहरीले गत आर्थिक वर्ष २०७९/०८० को साउनदेखि पुस मसान्तसम्म २० हजार १ सय ८४ सवारी साधन कारबाहीबाट एक करोड ५६ लाख ५० हजार ५ सय रुपैयाँ राजस्व आम्दानी गरेको थियो। यस्तै, अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को साउनदेखि पुस मसान्तसम्म १६ हजार ३ सय ५० वटा सवारी कारबाहीबाट १ करोड २६ लाख ६० हजार रुपैयाँ राजस्व आम्दानी गरेको थियो। चालु आर्थिक वर्षबाट ट्राफिक प्रहरीले विद्युतीय अनलाइन (टिभीआरएस) प्रणालीमार्फत ट्राफिक जरिवाना संकलन गर्दा राजस्व कम उठेको प्रहरीको भनाइ छ।

# मिडियास्तरीय फुटसलको उपाधि एन्ड्रसलाई

समाज संवाददाता

हेटौँडाः मिडियास्तरीय फुटसल प्रतियोगिताको उपाधि टिम एन्ड्रसले जितेको छ। शुक्रबार भएको फाइनल खेलमा आयोजक रेडियो मकवानपुरलाई २-० गोलअन्तरले पराजित गर्दै एन्ड्रसले उपाधि जितेको हो। रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सवको अवसरमा फुटसलको आयोजना गरिएको हो।

एन्ड्रसको जीतमा सरोज पौडेलले दुई गोल गरे। रवीन्द्र वाईबाको निर्णायक गोलमा खेलकुद पत्रकार मञ्च मकवानपुरलाई हराउँदै टिम एन्ड्रस फाइनलमा प्रवेश गरेको थियो। यस्तै, उपविजेता आयोजक रेडियो मकवानपुर नेपाल पत्रकार महासंघलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो।

विजेता टिम एन्ड्रस अघिल्लो वर्ष खेलकुद पत्रकार मञ्चद्वारा आयोजित जिल्लास्तरीय मिडिया कपको विजेतासमेत हो। विजेता टिमलाई आगामी सोमबार सप्ताहव्यापी कार्यक्रम समापन समारोहमा पुरस्कार वितरण गरिने रेडियो मकवानपुरका स्टेशन म्यानेजर गणेश दर्पण अधिकारीले बताउनुभयो।

रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्ष तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीका लामालगायतको आतिथ्य रहेको थियो।

रेडियो मकवानपुरले आफ्नो वार्षिकोत्सवमा गत मंगलबारदेखि सप्ताहव्यापी कार्यक्रम सुरु गरेको छ। पहिलो दिन सहीदको विषयमा रचना वाचन, दोस्रो दिन हेटौंडा क्याम्पसमा सेनेटरी प्याड वितरण र तेस्रो दिन ओम वृद्धाश्रममा खाद्यान्न सहयोग गरेको छ। आज शनिबार मनहरी गाउँपालिका-५ मा निःशुल्क स्वास्थ्य शिविर, आइतबार बालमैत्री नगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना हुने र सोमबार समापन गरिने अधिकारीले बताउनुभयो।

## ज्ञानदा माविको वार्षिकोत्सव

# शिक्षक, कर्मचारी, विद्यार्थी सम्मानित

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयको ५२ औं वार्षिकोत्सव सम्पन्न भएको छ। शुक्रबार वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पराम थापाको अध्यक्षतामा वार्षिकोत्सव समारोह भएको हो। वार्षिकोत्सवको अवसरमा शिक्षक, कर्मचारी, विद्यार्थी, पूर्व शिक्षक, व्यवस्थापन समितिका पूर्वअध्यक्षहरुलाई सम्मान गरेको छ।

वार्षिकोत्सवको अवसरमा विद्यालयले विविध कार्यक्रमको आयोजना गरेको थियो। वार्षिकोत्सवको अवसरमा विद्यार्थीले नृत्य, गायन तथा नाट्यकला प्रस्तुत गरेका थिए भने विविध क्रियाकलापमा सहभागी विद्यार्थीलाई पुरस्कृत गरिएको थियो। शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पनि पुरस्कृत गरिएको थियो। विद्यालयले विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरु, पूर्व शिक्षक, कर्मचारी, कार्यरत शिक्षक, कर्मचारीलाई पनि सम्मान गरेको छ।

विद्यालयका सहायक प्रधानाध्यपक रमा अधिकारीले शैक्षिक वर्ष २०७९ सालमा वडाको सहयोगमा ३ वटा कम्प्युटर, स्मार्ट टिभी र सबै कक्षामा सीसी क्यामेरा जडान गरेको जानकारी गराउनुभयो। हेटौँडा उपमहानगर पालिकाबाट अक्षयकोष वृद्धिका लागि २ लाख ५० हजार रुपैयाँ प्राप्त भएको उहाँले बताउनुभयो।

विद्यालयले कक्षा-४ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन भइरहेको छ। उहाँले आगामी दिनमा बालमैत्री फर्निचरहरुको व्यवस्था गर्दै अंग्रेजी माध्यमलाई क्रमशः माथिल्लो कक्षाहरुमा विस्तार गर्दै जानुपर्ने बताउनुभयो। अभिभावकसँग निरन्तर सम्पर्क गरी विद्यालय छाड्ने दर कम गर्नुपर्ने, शैक्षिक सामग्री निर्माणसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने र प्राविधिक शिक्षाको थालनी गनुपर्ने अधिकारीले बताउनुभयो।

गत शैक्षिक सत्रमा विद्यालयमा ३०९ जना विद्यार्थी भर्ना भएका मध्ये २३१ जना परीक्षामा सहभागी भएको र २०९ जना विद्यार्थी परीक्षामा उत्तीर्ण भएको उहाँले जानकारी दिनुभयो। चालु शैक्षिक वर्ष २०८० मा ३ सय ८ जना विद्यार्थी भर्ना भएका छन्।

# निर्मल माविको अभिभावक भेला


समाज संवाददाता

हेटौँडाः हेटौँडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयको ४८ औं अभिभावक भेला सम्पन्न भएको छ। शुक्रबार हेटौंडा-१९ का वडा अध्यक्ष नरनाथ सुवेदीको प्रमुख आतिथ्यमा अभिभावक भेला गरिएको हो।

विद्यालयले अभिभावक भेला, पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न गरेको विद्यालयका शिक्षक राममणि बर्तौलाले जानकारी दिनुभयो। कार्यक्रममा हेटौँडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका अधिकृत रमेश बिडारीको विशिष्ट आतिथ्य रहेको थियो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका साथै शिक्षक, अभिभावक र विद्यार्थीहरुको सहभागिता रहेको थियो।

विद्यालयका प्रधानाध्यापक प्रवोध बिडारीले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको छ। कार्यक्रममा विद्यालयले २०७९ सालमा कक्षा एकदेखि १२ कक्षासम्म प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ। विद्यालयको उत्कृष्ट छात्र करण तिमल्सिना र उत्कृष्ट छात्रा पेष्णा जिम्बा सम्मानित हुनुभएको छ। विद्यालयले उत्कृष्ट शिक्षक बालचन्द्र लामिछाने र उत्कृष्ट शिक्षिका ज्योति ढकाललाई सम्मान गरेको छ भने उत्कृष्ट अभिभावकमा मदन जिम्बालाई सम्मान गरिएको बर्तौलाले बताउनुभयो। विद्यालयले निवृत्त शिक्षकहरुलाई समेत सम्मान गरेको थियो।

कार्यक्रममा जयराम सुवेदीले सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको छ। कार्यक्रमका प्रमुख अतिथि सुवेदीले आगामी दिनमा स्थानीय सरकारले थप सहयोग गर्दै जाने बताउनुभयो। विद्यालयमा धेरै सुधार आएको भन्दै सुवेदीले खुशी व्यक्त गर्नुभयो। लायन्स क्लब अफ गण्डकीले विद्यालयका कक्षा एकदेखि १० सम्मका छात्रालाई शैक्षिक सामग्री र कक्षा ११ र १२ लाई ५ हजार हस्तान्तरण गरेको छ। लायन्स क्लब अफ गण्डकीले विशेषगरी चेपाङ, दलित र जनजाति २० जना छात्रालाई मानवसेवा आश्रमकी उमा भण्डारीको प्रतिनिधित्वमा रकम र शैक्षिक सामग्री वितरण गरेको बर्तौलाले बताउनुभयो।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# एकतामा विश्वास



**पं. ज्योतिषः तोयानाथ सुवेदी**

परम भक्त व्यक्तिको एकताप्रति ठूलो विश्वास थियो । एकदिन उनी शिष्यसँग अनकण्टार जंगलको बाटो हिँड्दै थिए ।

हठात् हिंसक जंगली जनावर देखा पऱ्यो । त्यो देखेर शिष्य डराए, तर ती व्यक्तिलाई भने डर लागेन ।

शिष्यले सोधे,“ हजुरलाई किन डर लाग्दैन ?”

ती व्यक्तिले भन्न चाहेनन् । केवल सङ्केत मात्रै गरे ।

शिष्यले त्यो सङकेत बुझ्नेनन् र बारम्बार जिज्ञासा मात्रै राखे ।

गुरुले बाध्य भएर भने, “बाबु ! तिमी र ईश्वर अगाडि पछाडी भएकाले मलाई डर लाग्दैन .......।”

# मेरो जीवन मेरो गन्तव्य



**ओशिका सुबेदी**

मेरो जीव्नमा अनुभवहरुको धागोले एक मनमोहक कथा बुनेको छ जसले मलाई परिकल्पित गन्तव्यमा पुर्याउँछ । बाल्यकालको निर्दोषताको जीवन्त रङहरु देखि किशोरावस्थाका चुनौतीहरुको विरोधाभासपुर्ण छायाहरु सम्म, मेरो यात्रा लेख्नका लागि पर्खिरहेको एक आकर्षक कथा जस्तै प्रकट हुन्छ । गन्तव्य तर्फ पाइला सार्दा, मैले महुसस गरेँ कि गन्तव्इ केवल पुग्नु पर्ने ठाउँ मात्र होइन तर अनुभव, वृद्धि र आत्मखोजको पराकाष्ठा हो ।

बाल्यकालको पारम्भिक दिनहरुबाट मैले मेरो जिवनको नक्सा कोर्न थालेँ, तर अन्तिम गन्तव्य भने कोर्न असफल भएँ । बाल्यकालमा विभिन्न गल्तीहरु गरेँ, ति गल्तीहरुबाट पाठ सिकेँ र जिवनमा आइरहने मोडहरुलाई साथीको रुपमा पाएँ । यात्रा सधैँ सहज थिएन, तर त्यो प्रतिकुल क्षणहरुमा मैले आफ्नो भित्रको शक्ति पत्ता लगाएँ । सपनाहरु सरल थिए र संसार एक विशाल खेल मैदान थियो जुन अन्वेषण गर्न पर्खिरहेको थियो । स्कुलका दिनहरु सुरुका दृश्यहरु थिए, जहाँ मित्रता जाली थियो र मेरो पहिचानको रुपरेखालाई आकार दिँदै ज्ञानको जग बसालिएको थियो ।

मेरो जीवनको खाली पानामा विभिन्न चुनौतीहरुको रङ भर्दै गए। गन्तव्य भौतिक स्थान मात्र होइन भावनात्मक र आत्मिक तृप्तिको अवस्था हो भनी चित्रण गर्दै हृदयस्पर्शी र हृदयविदारक दुवै सम्बन्धहरु महत्वपूर्ण अध्याय बने । मूर्त उपलब्धिहरु र सामाजिक अपेक्षाहरु भन्दा बाहिर मेरो गन्तव्य व्यक्तिगत पूर्ति र योगदानको दायरामा छ । जीवनको निरन्तर परिवर्तन हुने लयलाई प्रतिध्वनी गर्दै मेरो यात्रा जारी छ र मेरो गन्तव्य हरेक सूर्योदयको साथ विकसित हुँदै जानेछ ।

मेरो जीवन र गन्तव्य एक अर्कासँग गाँसिएको छ। सुन्दरता केवल गन्तव्यमा पुग्नमा मात्र होइन तर परिवर्तनकारी यात्रालाई अगाल्नेमा छ जसले म को हुँ भन्ने सारलाई आकार दिन्छ । जिवनको आधारमा लेखिएको गन्तव्यमा म एक दिन पुगेरै छाड्छु भनी संकल्प लिएकी छु ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौँडा-४*

# मलाइ अन्धकार मनपर्छ



**अग्रिमा सिवाकोटी**

भन्छन् अन्धकार नकारात्मकताको प्रतीक हो
तर मलाई उज्यालो मन पर्दैन ।
जहाँ अन्धकारमा मिठो निन्द्रा आउँछ
त्यहीँ उज्यलोले सारा निन्द्र भगाउँछ ।
उज्यलोमा मानिसले झुठो नकाब लगाएर मुस्कुराउँछ
अन्धकारमा मनिसको मनको सबै पीडा आँसुको रुपमा बाहिर आउँछ ।
मलाई त उज्यालोमा लेख्न पनि आउँदैन
अक्षरहरु त कोरिइन्छन्, शब्दहरु बन्दै जान्छन्
कापीका रेसाहरु पनि देखिइन्छन् तर
उज्यालोमा अन्धकारको जस्तो भवनाहरु आउँदैन ।
अन्धकार त मेरो प्रेरणा हो,
जहाँ म म नै हुन्छु मैले कुनै नकाब लाएर मुस्कुराउनु पर्दैन
कसैप्रति झुठो माया जताउनु पर्दैन, जहाँ म दिल खोलेर हाँस्न अनि रुन सक्छु, अन्धकार मेरो ऐना हो ।
मलाई मन पर्दैन सूर्यका ती किरणहरु जसले मेरो आँखा खान्छ
मलाई त बरु दाग लागेकै चन्द्रमा मनपर्छ ।
अन्धकारलाई मेरा सबै गोप्यता थाहा छ
त्यसैले मलाई उज्यालो भन्दा अन्धकार मनपर्छ ।

# म हुँ विद्या



**विन्दु थिङ**

मेरो बारेमा थुप्रै कुराहरु
खेलिरहेका छन् हरेकको मनमा
विद्या बिना विकास त के
होला र जीवनमा
मलाई पढी धेरै मानिसहरु
यतिकै रमाउँछन्
मलाई पढी आफ्नो
नाम पनि चलाउँछन्

मलाई नै ठुलो बनाई
ध्यान दिएर पढ
पढ्दा मबाट ज्ञान सिक
अनि अघि-अघि बढ
पढ्दा पढ्दै मसँगको
विद्या हराएको भए
के हुन्थ्यो होला
मानिसको जीवन म नभएको भए

कसैले मलाई
सम्मान गर्छन् त
कसैले हेला
मलाई हेला गर्नेले
आफ्नो गल्तीपछि पर्छ फेला
यो जगतमा विद्यालाई हेप्नेहरु
पछि पौडिन्छन् दुःखको महासागरमा

*कक्षा-७, महेन्द्रज्योति मावि*
*मनहरी-३, हाँडीखोला*

## गाउँखाने कथा

१. आउने–जानेलाई खाना दिएस्, आफूलाई चाइने लुगा लिएस् ।
• ऐँसेलु

२. दिनभरी सुत्दो, रातभरी उभिँदो ।
• चुकुल

३. दुईवटा फेद र दुईवटा हाँगा मात्र भएको रुख ।
• मानिस

४. तामाको पर्खालभित्र चाँदीको डबली ।
• कचौराको दही

५. तान्दा तान्न सकिन्न, बाँध्दा बाँध्न सकिन्न तर छुन सकिन्छ ।
• नदी वा खोला

# बालबालिका



**दिपिका तितुङ**

कति बालबालिकालाई काम गर्न पठाए
कति बालबालिकालाई बेचबिखन गराए ।
कति बालबालिकाको भयो श्रम शोषण
छैन बालबालिकालाई पर्याप्त पोषण ।

बालिकालाई भेद्भाव गरी चाँडै विवाह गरी पठाए
बालकलाई कलिलै उमेरमा काम गर्न भनी डाँडा कटाए ।
खेल्ने, रमाउने, पढ़ने लेख्ने बालबालिकाको अधिकार
उचित लालन, पालन, शिक्षा-दीक्षा पाए तिनले चढ्थे सफलको शिखर ।

भविष्यमा बालबालिकाले छर्ने छन् ज्योतिलाई,
त्यही ज्योतिको किरणले पगाल्ने छन् समुन्द्रको मोतिलाई ।
बचाऔं बालबालिका बचाऔं देशका कर्णधार
यिनै बालबालिका हुन् हाम्रो देश विकासका पूर्वाधार ।

साना-साना नानीबाबु असल व्यक्ति बन्ने छन्,
सबै मिलिजुली गरौं देशको विकास भन्नेछन् ।
बालबालिकाका लक्ष्य, उद्देश्यमा नगर्नु है बिघ्न,
बरु दिऊ सुवर्ण अवसर राम्रा ज्ञानका कुरा सिक्न ।

बालबालिका हुन् कोपिला फुल्छन् बासना छरेर,
संसारभरि रङ्ग छर्छन् इन्द्रेणी रङ्ग भरेर ।
पखेटाले उडी भोलि संसारलाई सङ्गाल्ने छन्
बिहानीको सुनौलो किरण अङ्गालोमा अङ्गाल्नेछन् ।

दिपिका तितुङ्ग
कक्षा-७, पशुपतिनाथ मावि, मनहरी-४

# “म” भित्र को म



**स्वेच्छा दंगाल**

सबैलाई हँसाउने
“म” भित्र लुकेको एक्लो म
सबैसँग रमाउने
“म” भित्रको निराश म
अरूको प्रेरणा बन्ने
“म” भित्रको असफल म

उदाहरण बन्न रुचाउने
“म” भित्रको अलपत्र म
प्रगतिपथमा लम्किएको
“म” भित्रको हारेको म

हजारौंको भीडमा शून्य म
शून्यता मै हराएर
शून्य नै भएर
तिम्रो पछाडि उभिएर
आफू शून्य भए पश्चात पनि
तिम्रो वजन बढाउन लागी पर्ने
“म” भित्रको म
तिम्रो “म”

हेटौंडा ।

# चित्रकला





सुबिज्ञा दाहाल
कक्षा-७, बालजगृति ईङ्लिस सेकेन्डरी स्कूल, हेटौँडा-२






दिपासना थापा
कक्षा-१०, जिएस निकेतन, हेटौँडा-५





राधिका तितुङ
कक्षा-७, पशुपतिनाथ माध्यमिक विद्यालय, मनहरी-४




## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# आमा



✍सरोजप्रसाद साह

तुफानी हावा जब जब चले, तब तब आमा ओत भैं बने ।
औंला समाती जब चल्न थालें, चराको भाती जब उड्न थालें ॥
जब जब सास विराम लिन थाले, तब हुन्छ वर्षीत नयनबाट आमा ॥।
आमा मेरी आमा, आमा मेरी आमा ॥॥



आशाको दियो जलाई राख, ईश्वरको ढोका म बनी दिन्छु ।
मन्दिरलाई यस्तै सजाई राख, आँगनमा फूल म रोपिदिन्छु ॥
काखमा मलाई समाई राख, संकट सारा म पिई दिन्छु ॥।
नरोऊ आमा विश्वास राख, दुनिया सारा म जीतिदिन्छु ॥॥



वर्षमा न्यानो छत हो आमा, चिसोको जूनेली रातमा आमा ।
तुलसीको जस्तै पवित्रमा आमा, आकाश-वायु, धर्तीमा आमा ॥
गर्मी र पत्झर सर्दीमा आमा, जीवनको आदि र गतिमा आमा ॥।
आमा मेरी आमा, आमा मेरी आमा ॥॥



संसार घुँमे पर्वतमा चढे ।
यज्ञ, तपस्या र ध्यानमा बसेँ ॥
मखमल र रेसमको विस्तरमा खोजेँ ॥।
होटलको खाना र खाजामा खोजेँ ॥॥

तिम्रो काखको जस्तो शान्ति पाइनँ ।
तिम्रो हातको स्वाद र तृप्ति पाइनँ ॥
यो जीवनको पुस्तककी छिन् पाना पाना ॥।
आमा मेरी आमा, आमा मेरी आम ॥॥



कहाँ कहाँको-कता कताको, डुबेको सपना, लत्रेको सपना ।
पुरा हुँदै छ, मादल बजाउ, भावुक नहोऊ उत्सव मनाउ ॥
पिसिएका सपना, मिचिएका सपना, आमाको सपना, आमाको सपना ॥।
जीवनको पहिलो मेरो गुरुआमा, आमा मेरी आमा, आमा मेरी आमा ॥॥

*हेटौँडा स्कूल आफ म्यानेजमेन्ट, हेटौँडा-४*

# बाल समूहको राम्रो काम



✍ आश्रया दुलाल

एकादेशमा एउटा गरिब केटा थियो । त्यो केटा मनकामना टोलमा बस्थ्यो । ऊ मनकामना बाल समुहको सदस्य थियो । ऊ गरिब भएकाले लगाउने केही कपडा नै थिएन, घरमा सुत्नुका लागि ओछ्यान थिएन । खाजा खानको लागि अन्न थिएन । एकदिन उसले पत्रिकामा कुनै पनि समस्या परेमा टोल विकास र आफ्नो बाल समुहमा खुलेर भन्नुहोला, भनेर पनि केही भएन भने बाल हेल्पलाइन १०९८ सम्पर्क गर्नुहोला भनेर लेखेको देख्यो ।

उसले टोल विकासमा गएर आफ्नो समस्या भन्यो तर सबजना बिचरा भन्दै घर गए । भोलिपल्ट आफ्नो बाल समूहमा गएर सुनायो । आफ्नो साथीलाई यस्तो गाह्रो भएको देखेर सबैले पुरानो र बाक्लो लुगा र ओछ्यान दिए । अर्को महिना पिकनिक जाने भनेर उठाएको पैसाले अन्न, नुन, तेल, चिउरा, दालमोट किनेर दिए । बाल, समूहले यस्तो काम गरेको देखेर सबै दङ्ग र परे । त्यो गरिब केटो पनि खुसी भयो ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौँडा-२*

# पढ्न लेख्न मन लाग्छ



✍दिनानाथ कडरिया

विद्यार्थी हुँ म पनि, पढ्न-लेख्न मन लाग्छ
साथीभाइ मिलेर, हाँस्न-खेल्न मन लाग्छ ।

क ख ग र ए बी सी पढ्छु म त किताबमा
एक दुई तीन चार जोडेर हिसाब गर्छु कापीमा ।
कापी किताब बोकेर सधैं स्कुल जान्छु म
गुरु बा र आमाको सबै कुरा मान्छु म ।
साथीसँग मिलेर पढ्छु लेख्छु कक्षामा
साथीसँगै खेलेर रमाउँछु चउरमा ।

खाजा खान्छौं बाँडेर हातमा र पातमा
सानो ठुलो कोही छैन हामी साथी माझमा ।
कसैसँग झगडा गर्दिन म कहिल्यै
यिनै कुरा सिकेर बढ्छु अघि जहिल्यै ।
मैले पढेलेखेर ज्ञानी मान्छे बन्नुछ,
माया गर्नु हामीलाई, सबैसँग भन्नु छ ।

विद्यार्थी हुँ म पनि पढ्न लेख्न मन लाग्छ
साथीभाइ मिलेर हाँस्न खेल्न मन लाग्छ ।

# गजल



✍आदित्य पराजुली

शिक्षक पनि शिक्षक जस्तो हुनुपर्छ,
विद्यार्थीको सुख-दुःखमा भिज्ने यार जस्तो हुनुपर्छ ।

शिक्षक विद्यार्थीमा यस्तो सुन्दर मेलमिलाप होस् कि,
रानो, श्रमिक मिलेझैं मौरीको घार जस्तो हुनुपर्छ ।

श्रमिकहरुले मह बनाएर लार्भा हुर्काए जस्तै,
मिलेर काम गर्ने एकै परिवार जस्तो हुनुपर्छ ।

शिक्षक र विद्यार्थीको एकता,
सभ्य समाजको असल उदाहरण जस्तो हुनुपर्छ ।

*कक्षा-८, सिद्धार्थ शिशु सदन, हेटौँडा-५*

# कलम



✍मनसुन श्रेष्ठ

राम्रा राम्रा लेख कलमले लेख्ने छौं
कलमले धेरै लेखी असल मान्छे बन्नेछौं ॥

तिखा तिखा कलम हो है हाम्रो हतियार,
विशाल बलियो तरबार मानी हाल्छ हार ॥

कलमले हामीलाई दिन्छ धेरै ज्ञान
कलम नै हो साथी हाम्रो ठुलो शान ॥

कथा, कविता, गृहकार्य कलमले गर्छौं
कलमलाई माया गरी आफैसँग राख्छौं ॥

बुद्धि विवेकले नभ्याउँदा कलम हुन्छ हाम्रो साथी
त्यसै कारण सबैभन्दा, कलमको स्थान माथी ॥

असल कुरा सिकेर, परिश्रम गरेर
सबै मिली अघि बढ्छौं कलमले लेखेर ॥

*कक्षा-५, हेटौँडा मोर्डन इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल, हेटौँडा-९*

# गजल



✍डिआर घिमिरे

म आफैले गलत बुझेको पनि हुदोहुँ तर सोचाइले बतायो,
आफन्त हुँदैमा आफ्ना नहुँदा रैछन् सबै भोगाइले बतायो ।

मेरो दुखमा खुब सुर्तायो रे फलानो पनि भन्ने सुन्थे,
यथार्थ त बल्ल आज भेटेपछि उस्को मोटाइले बतायो ।

त्यही छोरो हो हिजो आमा बिना सुत्नसम्म डराउने,
कति माया भन्ने कुरा आजको उस्को रोजाइले बतायो ।

जति नि साथ दिने इस्ट कमाएछु झै फुरुङ्ग हुन्थे,
वचनले पनि यतिसम्म गराउँदो रहेछ घोचाइले बतायो ।

आफन्त मात्र हैन यमराज पनि लजाउँदा रैछन् भेट्न मलाई,
घरिघरी मरेर पनि फेरि यहि धर्तिमा, रोकाइले बतायो ।

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: सहयोगको अपेक्षा गर्ने समय योग रहेको छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ । कामधन्धामा समय ठिकै छ । पढाई–लेखाई मध्यमकारक नै मान्नु पर्दछ । मित्रवर्ग र बन्धुबान्धवले सहयोग गर्लान् । यात्रा योगमा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । दौडधूप गर्नुपर्ने समय योग रहेको छ । परिश्रम बढ्ने समय छ ।

**वृष राशि**: धनधान्य र सम्पत्ति जुटाउन सक्रिय भइने छ । योजनाहरु गोप्य राख्दा राम्रो । बोलीको भरमा नै कार्य सम्पादन होला । मानसम्मान बढ्ने योग छ । रोकिएको धन प्राप्त होला । शब्द र वचनले मन नदुखाउँदा राम्रो । धार्मिक र सामाजिक काममा समय बित्ला । पढाई–लेखाई ठिकै छ । व्यापार–व्यवसाय उत्तम नै मान्नुपर्दछ ।

**मिथुन राशि**: मनमा सलबलाएका विचार र योजनालाई कार्यान्वयन गर्दा राम्रो होला । बौद्धिक क्षेत्र वा पढाई लेखाईमा प्रगति होला । अन्तरर्वाता परीक्षा आदिमा सफलता प्राप्त । रोकिएको धन हात पर्ला । व्यापार–व्यवसायले गति प्राप्त गर्ला । नयाँ लगानीप्रति आकर्षण बढ्ला । वैदेशिक योग ठिकै छ । जिद्धीपन त्याग गर्दा राम्रो रहने छ ।

**कर्कट राशि**: परिबन्ध र बाध्यतामा धन खर्च होला । मानसम्मानमा आघात पर्ला । जिम्मेवारीप्रति सजगता अपनाउँदा राम्रो रहला । कारोबारमा लगानी बढाउँदा राम्रो । गोपनीय विषय र मानसिक अल्झन बढ्न सक्छ । सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । भावना र कल्पनामा नबहकिँदा राम्रो । दण्ड वा जरिवाना पर्न सक्छ ।

**सिंह राशि**: जिम्मेवारी थपिन सक्छ । बढुवा र पुरस्कार प्राप्त होला । दाम्पत्य र सुखका लागी अनुकूल समय छ । सोच र बुद्धिको उपयोग गर्ने समय छ । बौद्धिक र प्राविधिक क्षमताको विकास हुने छ । रोजगारीको अवसर आइपर्ला । व्यापार–व्यवसाय मध्यम छ । बन्धुबान्धव र परिवारबाट सहयोग प्राप्त होला । रोकिएका कामहरु बन्नेछन् ।

**कन्या राशि**: कार्यक्षेत्रमा सक्रिय भएर खटिने छ । सामूहिक काममा लागि परिएला । हार्दिकता र भावनाका दृष्टिले कमजोर समय छ । व्यवहारमा लचिलोपन ल्याउँदा राम्रो हुन्छ । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त । कर्तव्यप्रति जिम्मेवारी थपिने छ । लेनदेनको कामबाट लाभ होला । पढाई–लेखाई मध्यमकारक मान्नुपर्दछ ।

**तुला राशि**: सहयोग गर्न तत्परता देखाउने समय हो । व्यापार–व्यवसाय मध्यम छ । चुनौति र संघर्ष पनि बढ्न सक्ने योग छ । सहयोगी र मिलनसार स्वभावको विकास हुनेछ । प्रशंसा र सहानुभूति बटुल्न सकिने छ । धार्मिक काममा सरिक भइने समय छ । पढाई–लेखाई मध्यमकारक छ । लक्ष्यप्राप्तिका लागि अझैं परिश्रम र साहस बढ्ने समय योग रहेको छ ।

**वृश्चिक राशि**: मित्र र परिवारसँग सम्बन्धित भावनाले चिन्तित बनाउँला । व्यापार–व्यवसाय मध्यमकारक रहला । आफूभन्दा ठूलाको कचकच बढ्ला । परिश्रम र साहसले काममा पूर्णता प्राप्त होला । अध्ययन–अध्यापनमा भने सफलता प्राप्त होला । अरुका कुरा सुन्दा राम्रो । धार्मिक यात्रा होला ।

**धनु राशि**: आत्मविश्वास र उत्साहले काममा पूर्णता प्राप्त होला । साँझेदारी र सहकार्यका काममा दक्षता हासिल गरिने छ । सोच र बुद्धिको उपयोग गर्नाले प्रशंसा प्राप्त होला । दाम्पत्य सबन्ध ठिकै रहला । काममा विशेष लगनशीलता बढ्ला । व्यापार–व्यवसाय ठिकै छ । लेखाइ–पढाइ परोपकारजन्य काममा सरिक ।

**मकर राशि**: हाँके/ताकेका काममा सफलता प्राप्त होला । रिसराग, आवेगलाई त्याग गर्दा राम्रो रहला । प्रतियोगी र प्रतिद्वन्द्वी माझमा आफ्नो क्षमता प्रर्दशन गर्ने समय छ । बुद्धिको उपयोगले काम बन्ला । स्वास्थ्य समस्या हल हुनेछ । व्यापार–व्यवसाय अनि धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।

**कुम्भ राशि**: भावुक र संवेदनशील बनिएला । बौद्धिक क्षमता र सीप बढाउने प्रयत्न गर्नुपर्ला । चुनौतिका काम भएपनि सफलता प्राप्त होला । परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै होला । ज्ञान र तालिम बढाउने समय छ । स्वास्थ्य स्थितिमा सुधार होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

**मीन राशि**: आक्रामक व्यवहारले आँच आउन सक्छ । शुभचिन्तकमा गलत प्रभाव पर्ला । मित्रहरुले सहयोग नगर्ने समय छ । क्रोध र उद्वेगमा नियन्त्रण गर्दा राम्रो । व्यापार–व्यवसाय ठिकै छ । घरायसी कामले पिरोल्न सक्छ । शरीर अस्वस्थ भएपनि काममा निरन्तरता होला । पढाई–लेखाईमा त्यति राम्रो नहोला । धार्मिक यात्रा होला ।

के तपाइ' 'आफ्नो व्यवसायको विज्ञापन
गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मकवानपुर गोल्डकपको क्वार्टरफाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी छैठौं संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ । शुक्रबारको खेलमा धनकुटाको राजारानी क्लब क्वार्टरफाइनलमा प्रवेश गरेसँगै क्वार्टरफाइनल समीकरण पूरा भएको हो ।

शुक्रबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको पहिलो चरणको अन्तिम खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलअन्तरले पराजित गर्दै राजारानी क्लबले अन्तिम ८ मा आफ्नो स्थान बनाएको हो । राजारानीको तर्फबाट अजय मार्टिनले ५२ औं मिनेटमा गोल गरेका थिए । खेलको ६३ औं मिनेटमा अशोक खवासले गरेको पासको प्रयोग गर्दै सुशील लामाले दोस्रो गोल गरेका थिए ।

म्यान अफ द म्याच राजारानी क्लबका अजय मार्टिन घोषित भएका छन् । आज शनिबार पहिलो क्वार्टरफाइनल खेलमा चर्च ब्वाइज युनाइटेड र न्यू रोड टिम (एनआरटी) बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताअन्तर्गत् राजारानी क्लबले सेमिफाइनल प्रवेशका लागि सोमबार त्रिभुवन आर्मी क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । १२ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा ४ वटा टिम बाहिरिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई ३५० सीसीको रोयल इन्फिल्ड बाइक प्रदान गरिनेछ । विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र प्रत्येक म्यान अफ द म्याचले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको समापनमा एकजना पत्रकारलाई ५० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिनेछ ।

# सिमसार दिवसको अवसरमा त्रिवेणी धाममा सरसफाई

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित त्रिवेणी धाम कुष्माण्ड सरोवर परिसरमा सरसफाई गरिएको छ । शुक्रबार चितवनस्थित राप्ती तटीय क्षेत्र सरसफाइ अभियानको आयोजना तथा हिमालयन राइडर सोसाइटी मकवानपुरको सहकार्यमा त्रिवेणी धामको सरसफाइ गरिएको हो ।

विश्व सिमरास दिवसको अवसरमा सिमसारा क्षेत्रलाई जोगाउने उद्देश्यले सर सफाइ गरिएको हो । खोलालाई जगाऊ, खोला नाला फोहोर नगरौं, खोलाको मुहान नष्ट नगरौं, खोलाको संरचनालाई नाश नगरौंजस्ता नाराका साथ त्रिवेणी धाम हुँदै समसान घाटसम्म सरसफाइ गरेको हिमालयन राइडर्सका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ ।

त्रिवेणी धाममा मानिसहरु घुम्न तथा पूजा गर्न आउने भएकाले त्यस क्षेत्रमा सरसफाई गरेको उहाँले बताउनुभयो । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय मकवानपुर र चितवन, जिल्ला प्रहरी कार्यालय मकवानपुर, हेटौंडा उपमहानगरपालिका, वनविज्ञान अध्ययन संस्थान हेटौंडा, बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, चितवन राष्ट्रिय निकुञ्ज, मकवानपुर जिल्ला साइक्लिङ संघलगायतको सहकार्यमा सरसफाइ कार्यक्रम भएको हो । हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठको सभाध्यक्षतामा सरसफाइ कार्यक्रम सम्पन्न भएको हो । संस्कृति तथा पर्यटनमन्त्री पुकार महर्जनको प्रमुख आतिथ्यमा सुरु भएको सरसफाई कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको उपस्थिति रहेको थियो ।

# ४ नम्बर वडास्तरीय खेलकुद प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा ४ नम्बर वडास्तरीय खेलकुद प्रतियोगिता हुने भएको छ । यही माघ २६ र २७ गते प्रथम वृहत् वडास्तरीय खेलकुद प्रतियोगिता हुने भएको हो ।

प्रतियोगिता हेटौंडा-४, हुप्रचौरमा हुनेछ । प्रतियोगिताअन्तर्गत् महिला तथा पुरुष एथ्लेटिक्स, भलिबल, फुटबल र क्रिकेट हुनेछ । वडाभित्रका विद्यालयका विद्यार्थीहरुबीच प्रतिस्पर्धा गराउने, विद्यार्थीहरुमा भएको प्रतिभालाई प्रस्तुत गराउने र विद्यार्थीहरुको शारीरिक तन्दुरुस्ती बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

शुक्रबार वडा कार्यालयमा पत्रकार सम्मेलन गर्दै शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालले प्रतियोगिताबारे जानकारी दिनुभयो । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का विद्यालयहरुले मात्र सहभागी जनाउन पाउने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी जनाउन यही माघ २५ गतेभित्र खेलाडीको नाम दर्ता गराइसक्नुपर्ने उहाँले बताउनुभयो ।

पत्रकार सम्मेलनमा बोल्नुहुँदै ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले वडास्तरीय प्रतियोगितामार्फत् सामुदायिक र संस्थागत विद्यालयबीचको विभेदको अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो । विद्यालयस्तरबाट खेलाडी उत्पादन गर्ने, विद्यालयका विद्यार्थीहरुबीच भातृत्व कायम गराउने, खेलप्रतिको रुचि बढाउने उद्देश्ले वडाले विभिन्न वौद्धिक प्रतियोगिताको आयोजना गर्दै आएको उहाँले बताउनुभयो । एउटा कुशल खेलाडी उत्पादन गर्नका लागि विद्यालयस्तरबाट नै विभिन्न प्रतिस्पर्धात्मक प्रतियोगिताहरुको आयोजना गर्नुपर्ने अध्यक्ष सिग्देलले स्पष्ट पार्नुभयो ।

प्रतियोगिता आयोजनाका लागि करिब २ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिम तथा खेलाडीले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको उपाधि विजेता टिमलाई यस वर्षको उत्कृष्ट विद्यालय घोषणा गर्ने जनाइएको छ । पत्रकार सम्मेलनमा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईं र भूटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहालको पनि उपस्थिति रहेको थियो ।

# विद्यालयस्तरीय टी-२० क्रिकेटका लागि सहयोग प्राप्त

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा हुन लागेको दोस्रो संस्करणको स्व. निरज श्रेष्ठ विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताका लागि विभिन्न व्यक्ति तथा संस्थाहरुबाट सहयोग प्राप्त भएको छ ।

मंगलबारबाट सुरु हुन लागेको दोस्रो संस्करणको प्रतियोगितामा पहिलो ह्याट्रिक गर्ने खेलाडीका लागि पूर्वक्रिकेटर जेनिश श्रेष्ठले ५ हजार रुपैयाँ प्रदान गर्ने भएका छन् । प्रतियोगितामा सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई ३ हजार रुपैयाँ र म्यान अफ द सिरिजका लागि ट्रफी पूर्वखेलाडी सुरेन्द्र अधिकारीले प्रायोजन गर्नुभएको छ । प्रतियोगिताको म्यान अफ द म्याचका लागि हेटौंडा-४ स्थित क्वीक-२० र हेटौंडा-१० स्थित रोडहाउस रेष्टुरेन्टले खाजाको कुपन प्रायोजन गरेको छ । प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र म्यान अफ द सिरिजका लागि रोड हाउस रेष्टुरेन्टले खाना प्रायोजन गरेको छ । यस्तै, उत्कृष्ट ब्याट्सम्यान र उत्कृष्ट बलरका लागि हेटौंडा-२ निवासी प्रशान्तबाट ६ हजार रुपैयाँ प्राप्त भएको छ ।

प्रतियोगिता सञ्चालनका लागि हाल अस्ट्रेलिया बसोबास गर्ने क्रिकेटप्रेमी मेहुलभक्त श्रेष्ठबाट १५ हजार ३ सय ९० रुपैयाँ प्राप्त भएको छ । यस्तै, सिद्धार्थ लामाबाट १५ हजार रुपैयाँ, रुपक मानन्धरबाट ४० हजार रुपैयाँ, व्यवसायी महारथ बज्राचार्यबाट २० हजार रुपैयाँ, पुरानो युथ क्रिकेट क्लबका सदस्य वसन्त शाक्यबाट ५ हजार रुपैयाँ प्राप्त भएको छ । लिभिङ लिमिटेडका प्रमुख राज पाण्डेबाट १० हजार रुपैयाँ, क्रिकेट संघका पूर्वकप्तान नवीन पोखरेलबाट १० हजार रुपैयाँ प्राप्त भएको छ भने व्यवसायी विकास गुप्ताबाट पनि १० हजार रुपैयाँ प्राप्त भएको छ ।

लिग कम नकआउटको आधारमा हुने प्रतियोगिता आयोजनाका लागि हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले पनि सहयोग गरेको छ । टिम दर्ता शुल्कबाट पनि केही आम्दानी हुने प्रतियोगिताका संयोजक सञ्जोक पोखरेलले जानकारी दिनुभएको छ । प्रतियोगिताको खेल तालिका आइतबारसम्म सार्वजनिक गरिने जनाइएको छ ।

आउँदो चैत महिनामा हुने क्रिकेट प्रतियोगितामा १६ वर्ष उमेर समूहका खेलाडीहरु छनोट गर्नका लागि प्रतियोगिताको आयोजना गर्न लागेको संयोजक पोखरेलले बताउनुभयो । विद्यालयस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीहरुमध्ये पहिलो चरणमा उत्कृष्ट २२ जना छनोट गरेर प्रशिक्षण दिने उहाँले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि ५ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

प्रतियोगिताका उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । पहिलो संस्करणको प्रतियोगिताको उपाधि हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयले जितेको थियो ।

# चित्रकला कार्यशाला

समाज संवाददाता

हेटौंडाः झरना साहित्यिक परिवार मकवानपुरको २९९ औं साहित्य शृङ्खलाका अवसरमा चित्रकला प्रशिक्षण तथा कार्यशाला शुक्रबार बकैया-३, स्थित बुद्ध माविमा सम्पन्न भएको छ । हरेक महिना नियमित शृङ्खलाको आयोजना गर्दै आइरहेको झरना साहित्यिक परिवारले आउँदो फागुनमा हुने पाँचौं बकैया कला-साहित्य महोत्सवको पूर्वसन्ध्यामा यस कार्यशाला आयोजना गरेको हो ।

छ वटा विद्यालयका एक सय भन्दा बढी विद्यार्थीहरूको सहभागितामा कार्यशाला सम्पन्न भएको थियो । सूर्य सन्यासीले विद्यार्थीहरूमा चित्रकला सम्बन्धी आधारभूत ज्ञान दिनुका साथै हरेक विद्यार्थीले आफूभित्र लुकेको कलाको पहिचान गरेर त्यसलाई बाहिर निकाल्न सकेमा आफ्नो जीवनमा केही गरेर देखाउन सक्ने धारणा राख्नुभएको थियो ।

# बालबोधको वार्षिकोत्सव सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियास्थित बालबोध माध्यमिक विद्यालयको वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रमको आयोजना गरिँदै छ । शुक्रबार एक समारोहका बीच वार्षिकोत्सवको उद्घाटन कार्यक्रम भएको छ । हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रमको ७३ औं वार्षिकोत्सव समारोह भएको हो ।

कार्यक्रममा वडाध्यक्ष उद्धव सत्याल, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष बसन्त रोक्काको पनि उपस्थिति रहेको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभयो । वार्षिकोत्सवको उद्घाटनको अवसरमा विद्यालयमा अक्षयकोषको स्थापना गरिएको छ । अक्षयकोषका लागि पूर्वअध्यक्ष रोक्काले ५० हजार रुपैयाँ सहयोग गर्नुभएको छ । वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रमको आयोजना गरिँदै छ । माघ २३ गते विद्यालयमा अभिभावक भेला र पुरस्कार वितरण गरी वार्षिकोत्सव समारोहको समापन गरिने प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभएको छ ।

# ३८ जनाको आँखामा समस्या

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाका दुई विद्यालयका विद्यार्थीहरुको आँखा परीक्षण कार्यक्रम भएको छ । सोमबार भएको निःशुल्क आँखा परीक्षणबाट ३८ जनामा समस्या देखिएको कैलाश गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुधीर कुसवाहले जानकारी दिनुभयो ।

गाउँपालिकाको दुई स्थानमा भएको शिविरमा जँचाउन आएका ३ सय १८ जनामध्ये ३८ जनामा समस्या देखिएको थियो । कैलाश गाउपालिका-२ स्थित छ्याङदुङको कमलादेवी माविमा भएको शिविरमा एक सय १२ जनाले आँखा जाँच गराएका थिए । यस्तै, कैलाश गाउँपालिका-८, दुवाङ माविमा भएको आँखा शिविरमा २ सय ६ जनाले आँखा जाँच गराएका हुन् ।

गाउँपालिकाको सहयोगमा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको उपस्थिति रहेको थियो । शिविरमा गाउँपालिकाका एक आँखा सहायक सरोज कुमार मण्डल र एक सहयोगीले जाँच गर्नु भएको हो ।

३८ जनाबाहेक शिविरमा जाँच गराउनेको अवस्था सामान्य रहेको छ । विद्यालयमा भएको शिविरमा विद्यार्थीका साथै शिक्षक र अभिभावकको पनि आँखा जाँच गरिएको कुसवाहले बताउनुभयो ।


## निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा सम्बन्धी सूचना

**यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा मिति २०८० माघ २० गते राखिएको जानकारी गराउन चाहन्छौ साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्यूहरुलाई यसै सूचनालाई आधार मानी उपस्थित भैदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रम**

मितिः २०८० माघ २० गते
समयः बिहान ८:०० बजे
स्थानः मोटल एभोकाडो एण्ड आर्किड रिसोर्ट, हेटौंडा–२

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर परिवार

“स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद”
छैठौं स्थानीय तह सहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल-२०८०
आजको खेल
गल हेटौंडा रिसोर्ट एन्फा मकवानपुर VS राइट लाईन बागमती युथ क्लब सर्लाही
समयः दिनको ठिक २:०० बजे
स्थानः गौरिटार रंगशाला
हेटौंडा-६, मकवानपुर
आयोजक
मकवानपुर जिल्ला फुटबल संघ

## सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको बिवाह, बहुविवाह, गर्नु गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं । भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

प्रदेश सरकार
बागमती प्रदेश
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
हेटौंडा, मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ